# राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन (मतगणना) निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।११।२८

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन (मतगणना) निर्देशिका, २०७४" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "उपराष्ट्रपति" भन्नाले नेपालको संविधानको धारा ६७ बमोजिमको नेपालको उपराष्ट्रपति सम्झनु पर्छ।

(ग) "उम्मेदवार" भन्नाले राष्ट्रपति वा उपराष्ट्रपति पदको निर्वाचनका लागि उम्मेदवार हुन मनोनयन गरिएको व्यक्ति सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ सम्झनु पर्छ।

(ङ) "निर्वाचक मण्डल" भन्नाले ऐनको दफा ३ बमोजिमको निर्वाचक मण्डल सम्झनु पर्छ।

(च) "निर्वाचन" भन्नाले राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन सम्झनु पर्छ।

(छ) "निर्वाचन अधिकृत" भन्नाले ऐनको दफा ७ बमोजिम नियुक्त भएको निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ।

(ज) "निर्वाचन कार्यालय" भन्नाले क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ।

(झ) "निर्वाचन प्रतिनिधि" भन्नाले उम्मेदवारको तर्फबाट गर्नुपर्ने कामको लागि ऐनको दफा २७ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(ञ) "मतगणना प्रतिनिधि" भन्नाले उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतगणनाको काममा प्रतिनिधित्व गर्नको लागि दफा ७ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ।

निर्वाचन आयोग, नेपाल

(ट) “मतदाता” भन्नाले नियमावलीको नियम १० बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम रहेका सङ्घीय संसदका सदस्य तथा प्रदेश सभाका सदस्य सम्झनु पर्छ ।

(ठ) “मतपत्र” भन्नाले निर्वाचनमा मतदान गर्नका लागि प्रयोग गरिएको मतपत्र सम्झनु पर्छ ।

(ड) “मतपेटिका” भन्नाले मतसङ्केत गरेको मतपत्र राख्नका लागि प्रयोग गरिएको मतपेटिका सम्झनु पर्छ ।

(ढ) “राष्ट्रपति” भन्नाले नेपालको संविधानको धारा ६१ बमोजिमको नेपालको राष्ट्रपति सम्झनु पर्छ ।

(ण) “सङ्घीय संसद” भन्नाले नेपालको संविधानको धारा ८४ बमोजिम गठन भएको प्रतिनिधि सभा र धारा ८६ बमोजिम गठन भएको राष्ट्रिय सभा सम्झनु पर्छ ।

## परिच्छेद-२
## मतगणनाको व्यवस्थापन

३. **मतगणना सम्बन्धमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार** : यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त मतगणनाको सन्दर्भमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतगणना गर्ने स्थान तथा मतगणना कार्यमा खटिने कर्मचारीको आवश्यक सुरक्षा प्रबन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,

(ख) मतगणना स्थलमा आवश्यक सामग्री, खानेपानी आदिको प्रबन्ध मिलाउने,

(ग) मतगणना कार्य सुरु गर्नु अगावै उम्मेदवार वा निजका प्रतिनिधिको बैठक बोलाई आवश्यक छलफल गरी मतगणना सम्बन्धी कानूनी व्यवस्थाका बारेमा जानकारी गराउने एवं मतगणना कार्यलाई सहज बनाउन सकारात्मक वातावरण सिर्जना गर्ने,

(घ) मतगणना सम्बन्धी फाराम, मुचुल्का लगायतका सम्पूर्ण कागजात तयार गरी गराई अभिलेख राख्ने,

(ङ) आयोगबाट स्वीकृत आर्थिक निर्देशिकामा उल्लेख भए बमोजिम मतगणना कार्यका लागि आवश्यक रकम खर्च लेखी सोको अभिलेख राख्ने ।

४. **मतगणना टोली सम्बन्धी व्यवस्था** : (१) निर्वाचन अधिकृतले मतगणनाको लागि देहाय बमोजिमका कर्मचारी रहने गरी मतगणना टोली गठन गर्न सक्नेछ :-

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | एक जना |
| २. | सहायक मतगणना अधिकारी (अधिकृतस्तर कर्मचारी) | दुई जना |

निर्वाचन आयोग, नेपाल

| | | |
|---|---|---|
| ३. | गणक | तीन जना |
| ४. | कम्प्यूटर अपरेटर (डाटा इन्ट्री गर्ने प्रयोजनको लागि | एक जना |
| ५. | सहयोगी कर्मचारी | दुई जना |

(२) यस दफा बमोजिम मतगणना कार्यमा खटिने कर्मचारीलाई निर्वाचन अधिकृतले मतगणना सम्बन्धी अभिमुखीकरण गराउनु पर्नेछ ।

(३) मतगणनाको लागि कर्मचारी खटाउँदा कुनै पनि ट्रेड यूनियनको पदाधिकारी वा सदस्य नरहेका नेपाल सरकारका कर्मचारीलाई खटाउनु पर्नेछ ।

**५. मतगणना गर्ने स्थानको व्यवस्था** : (१) निर्वाचन अधिकृतले मतगणना गर्ने प्रयोजनको लागि उपयुक्त स्थानको व्यवस्था गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना गर्ने स्थानको व्यवस्था गर्दा सुरक्षा र सुविधाको दृष्टिले उपयुक्त सरकारी कार्यालय वा सार्वजनिक भवनमा मतगणना हुने गरी व्यवस्था गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा प्रकाश वा बत्तीको पर्याप्त व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-३
## मतगणना प्रारम्भ

**६. मतगणना प्रारम्भ हुने सूचना प्रकाशन गर्ने** : (१) निर्वाचनको लागि मतदान केन्द्रबाट मतदानको लागि प्रयोग भएका मतपेटिका प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान, मिति र समय उल्लेख गरी अनुसूची-१ बमोजिमको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

तर कुनै मतदान केन्द्रमा पुनः मतदान हुने भएमा त्यसरी पुनः मतदान भएको मतदान केन्द्रको मतपेटिका मतगणनास्थलमा प्राप्त नभएसम्म अन्य मतदान केन्द्रको मतगणना कार्य शुरु गरिने छैन ।

(२) उपदफा (१) बमोजिमको सूचनामा उम्मेदवारले मतगणना गर्ने स्थानमा आफ्नो मतगणना प्रतिनिधि राख्न चाहेमा त्यस्तो प्रतिनिधि नियुक्त गरी पठाउनु पर्ने कुरा समेत उल्लेख गर्नु पर्नेछ ।

**७. मतगणना प्रतिनिधि** : (१) मतगणनामा उम्मेदवारको तर्फबाट गर्नु पर्ने कामको लागि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले अनुसूची-२ बमोजिम मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ । यसरी मतगणना प्रतिनिधि नियुक्ति गरेको लिखित जानकारी निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

(२) उपदफा (१) बमोजिम मतगणना प्रतिनिधि नियुक्ति गर्दा नियमावलीको नियम १० बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र लेखपढ गर्न जान्ने व्यक्ति मध्येबाट निर्वाचन अधिकृतले तोकेको सङ्ख्यामा नियुक्त गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो मतगणना प्रतिनिधिलाई अनुसूची-३ बमोजिमको परिचयपत्र दिनु पर्नेछ ।

(४) उम्मेदवार वा निर्वाचन प्रतिनिधिले अगावै रद्द गरेको अवस्थामा बाहेक निर्वाचन परिणाम घोषणा नभएसम्म मतगणना प्रतिनिधि कायम रहनेछ ।

(५) उपदफा (१) बमोजिम नियुक्त भएको मतगणना प्रतिनिधिलाई उम्मेदवार वा निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम अर्को मतगणना प्रतिनिधि नियुक्त गरिएकोमा निर्वाचन अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(७) शान्तिपूर्ण ढङ्गबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्नु, मतगणना गर्दा तयार गर्नु पर्ने मुचुल्कामा सहीछाप गर्नु तथा ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम मतगणना प्रतिनिधिले मतगणनास्थलमा गर्नुपर्ने सबै काम गर्नु मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ ।

८. **<u>मतगणना गर्ने स्थानमा प्रवेश</u>** : (१) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा देहाय बमोजिमका व्यक्ति बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न दिनु हुँदैन :-

(क) उम्मेदवार वा निजको एकजना निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,

(ख) मतगणनाको काममा खटिएका कर्मचारी,

(ग) आयोगबाट अनुगमन वा अन्य प्रयोजनको लागि खटिएका पदाधिकारी वा कर्मचारी,

(घ) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(ङ) सुरक्षाको लागि खटिएका कर्मचारी,

(च) आयोग वा निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्ति ।

(२) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा प्रवेश गर्न उपदफा (१) को खण्ड (च) बमोजिम अनुमति दिएको व्यक्तिलाई अनुसूची-४ बमोजिमको अनुमतिपत्र दिनु पर्नेछ ।

९. **<u>परिचयपत्र वा अनुमतिपत्र लगाउनु पर्ने</u>** : (१) मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति पाएका कर्मचारी वा व्यक्तिले मतगणना गर्ने स्थानमा रहँदा आफ्नो परिचयपत्र वा अनुमतिपत्र सबैले देख्ने गरी लगाउनु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम परिचयपत्र नलगाएको वा अनुमतिपत्र नपाएको कर्मचारी वा व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न वा बस्न दिनु हुदैन ।

**१०. परिचयपत्र तथा अनुमतिपत्र कायम रहने अवधि** : दफा ७ को उपदफा (३) बमोजिम दिएको परिचयपत्र तथा मतगणना गर्ने स्थानमा प्रवेश गर्न दफा ८ को उपदफा (२) बमोजिम दिएको अनुमतिपत्र निर्वाचन अधिकृतले मतगणना कार्य सम्पन्न हुनु अगावै रद्द गरेको अवस्थामा बाहेक मतगणनाको कार्य समाप्त नभएसम्म कायम रहनेछ ।

**११. मादक पदार्थ सेवन गरेको व्यक्तिलाई प्रवेश गर्न नदिने** : दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृतले मादक पदार्थ सेवन गरेको कुनै पनि व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिनु हुँदैन ।

**१२. हतियार लिएको व्यक्तिलाई प्रवेश गर्न नदिने** : दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृतले मतगणना स्थलको सुरक्षार्थ खटिएको सुरक्षाकर्मी बाहेक हतियार लिएको अन्य व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिनु हुँदैन ।

**१३. निर्धारित समयमा मतगणना प्रारम्भ गर्ने** : (१) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गर्न दफा ६ बमोजिम प्रकाशन गरेको सूचनामा उल्लेख गरेको मिति र समयमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा मतगणनाको कार्य प्रारम्भ गर्नु वा गराउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना प्रारम्भ गर्दा अनुसूची-५ बमोजिमको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराई आफूले सहीछाप गरी राख्नु पर्नेछ ।

(३) मतगणना गर्ने स्थानमा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित नभएमा वा मुचुल्कामा सहीछाप गर्न मञ्जुर नगरेमा निर्वाचन अधिकृतले मुचुल्कामा सोही व्यहोरा जनाई आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुई जना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मतदान केन्द्रमा पुनः मतदान गर्नुपर्ने भएमा त्यस्तो मतदान केन्द्रको मतदानको कार्य समाप्त भई मतगणना गर्ने स्थानमा मतपेटिका प्राप्त नभएसम्म मतगणना प्रारम्भ गरिने छैन ।

(५) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ हुनु पूर्व मतगणना स्थलमा उपस्थित कसैले पनि क्यामेरा, मोबाइल, ट्याबलेट जस्ता इलेक्ट्रोनिक उपकरणहरु प्रयोग गर्न नपाउने कुराको जानकारी गराई त्यस्ता उपकरण प्रयोग गर्न नपाउने व्यवस्था मिलाउनु पर्नेछ ।

**१४. मतपेटिका जाँच गर्ने** : (१) दफा १३ को उपदफा (२) बमोजिम मतगणना प्रारम्भ भएको मुचुल्का गरी सकेपछि निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा मतपत्र रहेको मतपेटिकाको देहाय बमोजिम जाँच गर्नु पर्नेछ :-

(क) प्रत्येक मतदान केन्द्रको मतपेटिका खोलिएको वा फोरिएको छ, छैन ?

(ख) मतपेटिकामा मतदान केन्द्रको नाम, सुरक्षणसिल नम्बर र मतपेटिकाको सङ्ख्या उल्लेख गरिएको छ, छैन ?

(ग) मतपेटिका बन्द गरेको ठाउँमा लगाएको सुरक्षणसिल दुरुस्त छ, छैन ?

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतपेटिका जाँच गरी सकेपछि मतपेटिका जाँच गरेको अनुसूची-६ बमोजिमको मुचुल्का गर्नु पर्नेछ । यसरी मुचुल्का गर्दा आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपेटिकाको जाँच गर्दा कुनै कैफियत देखिएमा मुचुल्कामा सोही व्यहोरा खुलाउनु पर्नेछ । यसरी मुचुल्का तयार भएपछि त्यस्ता मतपेटिका सुरक्षित स्थानमा राख्नु पर्नेछ ।

(४) कैफियत नदेखिएको मतपेटिकाको मतगणना कार्य समाप्त भएपछि उपदफा (३) बमोजिम कैफियत देखिएका मतपेटिकाको सम्बन्धमा सहमति कायम गरी मतगणना गर्नु पर्नेछ । सहमति कायम हुन नसकेमा आयोगलाई जानकारी गराई आयोगको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

**१५. प्रतिनिधिले देख्ने गरी मतगणना गर्ने** : (१) मतगणना गर्दा निर्वाचन अधिकृत वा निजले खटाएको गणक कर्मचारीले उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले राम्रोसँग देख्न सक्ने गरी मतगणना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्दा उम्मेवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले कुनै मतपत्र हेर्न चाहेमा निजहरुलाई त्यस्तो मतपत्र देखाउनु पर्नेछ ।

तर त्यस्तो मतपत्र निजलाई समाउन वा छुन दिनु हुँदैन ।

**१६. बदर हुने मतपत्र** : देहायको कुनै अवस्थाको मतपत्र बदर हुनेछ :-

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) औंठाछाप लगाई वा नियमावलीको नियम ३१ को उपनियम (१) बमोजिम आयोगले उपलब्ध गराएको स्वस्तिक (卐) चिन्ह बाहेक अन्य छाप वा चिन्ह लगाई मत सङ्केत गरिएको,

(ग) मत सङ्केत चिन्ह नबुझिने गरी लतपतिएको वा च्यातिएको,

(घ) उम्मेदवारको नाम रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) एकभन्दा बढी उम्मेदवारको नाम रहेको कोठामा छुट्टाछुट्टै मत सङ्केत गरिएको,

(च) एकभन्दा बढी उम्मेदवारको नाम रहेको कोठामा मत सङ्केतको चिन्ह पर्ने गरी मत सङ्केत गरिएको,

(छ) मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(ज) कुनै पनि उम्मेदवारको नाम रहेको कोठामा मत सङ्केत नगरिएको,

निर्वाचन आयोग, नेपाल

(झ) आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ञ) मतपेटिकाभन्दा बाहिर राखिएको,

(ट) जाली मतपत्र,

(ठ) आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

## परिच्छेद-४

## मतगणना

१७. **सदर तथा बदर मतपत्र छुट्याउने** : (१) निर्वाचन अधिकृत वा मतगणनाको लागि खटिएको कर्मचारीले मतपेटिका जाँच गरेको मुचुल्का गरी सकेपछि सो मतपेटिकामा लगाएको सुरक्षणसिल तोडी खोल्नु पर्नेछ र मतपेटिकामा रहेका सबै मतपत्रहरू मतगणना गर्ने स्थानमा खन्याउनु पर्नेछ । मतपत्र खन्याई रित्तो भएको मतपेटिका उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपत्र खन्याउनु अघि सम्बन्धित मतदान केन्द्रमा खसेको कूल मतको विवरण छुट्टै लेखी सुरक्षित राख्नु पर्नेछ ।

(३) मतपेटिकाबाट मतपत्र खन्याई सकेपछि पट्याईएका मतपत्रहरू खोलेर सदर र बदर मतपत्र छुट्याई उम्मेदवारको नाम भएको भाग घोप्ट्याएर राख्नु पर्नेछ र सुविधा अनुसार पचास वा एकसय मतपत्रको ठेली बनाई बाँधी राख्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (३) बमोजिम बनाइएका ठेली जिम्मा लिई राख्नु पर्नेछ र प्रत्येक ठेलीबाट क्रमशः मतगणना गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम छुट्याइएका मतपत्रको ठेलीबाट सबैभन्दा पहिले बदर मतपत्रहरु छुट्याई मतपत्र नोक्सान नहुने गरी प्रत्येक बदर मतपत्रलाई खाममा राखी सो खामको बाहिर मतपत्र बदर गर्नुपर्ने कारण जनाई बदर भएका सबै मतपत्रहरु रहेका खामलाई एउटा छुट्टै ठुलो खाममा राखी लाहाछाप लगाउनु पर्नेछ र सो ठुलो खामको बाहिर फरक फरक मतभार भएका मतपत्रको सङ्ख्या समेत उल्लेख गरी मतगणनास्थलमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई निर्वाचन अधिकृतले सहीछाप गरी राख्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम बदर मत गणना गरी सके पछि प्रत्येक उम्मेदवारले प्राप्त गरेको मतको आधारमा अलग अलग ठेली बनाई गणना गर्नु पर्नेछ ।

१८. **मतगणना फाराम तथा मतगणना तालिका तयार गर्ने** : (१) निर्वाचन अधिकृतले सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्यले मतदान गरेको मतदान केन्द्रको अलग अलग मतगणना गरी प्रत्येक उम्मेदवारले प्राप्त गरेको मत र सो मतलाई देहाय बमोजिमको मतभारले गुणन गरी कायम हुने कुल मत सङ्ख्या उल्लेख गरी अनुसूची-७ बमोजिमको मतगणना फाराम तयार गर्नु पर्नेछ :-

(क) सङ्घीय संसदका सदस्यले दिएको मतको भार उनासी,

निर्वाचन आयोग, नेपाल

(ख) प्रदेश सभाका सदस्यले दिएको मतको भार अठ्चालीस

(२) उपदफा (१) बमोजिमको मतगणना तालिकामा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई आफूले सहीछाप गरी राख्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्यले मतदान गरेका सबै मतदान केन्द्रको मतगणना गरी सके पछि उपदफा (१) बमोजिम तयार भएको मतगणना फारामको आधारमा अनुसूची-८ बमोजिमको मतगणना तालिका तयार गरी सोको एक प्रछि आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

**१९. मतपत्र खाम वा थैलोमा बन्द गर्ने** : निर्वाचन अधिकृतले गणना गरी सकेको सदर मतपत्र खाम वा थैलोमा बन्द गरी लाहाछाप लगाई सिलबन्दी गरी राख्नु पर्नेछ र सो खामको बाहिर फरक फरक मतभार भएका सदर मतपत्रको सङ्ख्या समेत उल्लेख गरी आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराउनु पर्नेछ ।

**२०. मत बराबर भएमा गोला हाली निर्णय गर्ने** : (१) निर्वाचनको लागि मतदान भएको सबै मतदान केन्द्रको मतगणना कार्य समाप्त हुँदा दुई वा सोभन्दा बढी उम्मेदवारको मत बराबर भएमा निर्वाचन अधिकृतले त्यस्ता उम्मेदवारहरू बीच गोला हाली निर्णय गर्नेछ र सो निर्णय बमोजिम छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम गोला हाली निर्णय गरेकोमा अनुसूची-९ बमोजिमको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा निर्वाचन अधिकृतले सहीछाप गरी मत बराबर भएका उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ । त्यस्तो मुचुल्का गर्दा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा वा सहीछाप गर्न नमानेमा सोही व्यहोरा उल्लेख गरी अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गोलाबाट छानिएको उम्मेदवारले एक मत बढी पाएको मानिनेछ । त्यस्तो मत दफा १८ बमोजिमको मतगणना तालिकाको कैफियतमा उल्लेख गर्नु पर्नेछ ।

**२१. निर्वाचन परिणामको घोषणा** : निर्वाचन अधिकृतले दफा १८ बमोजिम मतगणना तालिका तयार गरी सके पछि कुनै उम्मेदवारले प्राप्त गरेको मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत भएमा अनुसूची-१० बमोजिम निर्वाचन परिणाम तालिका तयार गरी त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ र सोको एकप्रति आफ्नो कार्यालयमा प्रकाशन गरी एक प्रति आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

**२२. पुनः मतदान गराई मतगणना गर्ने** : (१) दफा १८ बमोजिम मतगणना तालिका तयार गर्दा कुनै उम्मेदवारले प्राप्त गरेको मत ऐनको दफा ५५ को उपदफा (२) बमोजिम निर्वाचन मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत नभएमा निर्वाचन अधिकृतले सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारहरुबीच मतदान हुने गरी अर्को मिति तोकी अनुसूची-११ बमोजिमको सूचना आफ्नो कार्यालयमा तुरुन्त प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको मितिमा मतदान भए पछि निर्वाचन अधिकृतले मतगणना गरी दफा १८ बमोजिम मतगणना तालिका तयार गर्दा कुनै उम्मेदवारले ऐनको दफा ५६ को उपदफा (२) बमोजिम कुल मतको पचास प्रतिशत भन्दा बढी मत प्राप्त गरेमा अनुसूची-१० बमोजिम निर्वाचन परिणाम तालिका तयार गरी त्यस्तो उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पुनः मतदान भई उपदफा (२) बमोजिम मतगणना गर्दा कुनै पनि उम्मेदवारले कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमका दुई जना उम्मेदवारहरुबीच पुनः मतदान हुने गरी अर्को मिति तोकी अनुसूची-११ बमोजिमको सूचना आफ्नो कार्यालयमा तुरुन्त प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तोकिएको मितिमा मतदान भएपछि मतगणना गरी दफा १८ बमोजिम मतगणना तालिका तयार गरेपछि निर्वाचन अधिकृतले अनुसूची-१० बमोजिम निर्वाचन परिणाम तालिका तयार गरी मतदानमा खसेको कुल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्नु पर्नेछ।

(५) निर्वाचन अधिकृतले उपदफा (१) वा (३) बमोजिम पुनः मतदान हुने गरी अर्को मिति तोक्दा आयोगले सो सम्बन्धमा कुनै निर्देशन दिएको भए सो समेतलाई विचार गरी यथाशीघ्र मतदान हुने गरी तोक्नु पर्नेछ।

(६) उपदफा (१) र (३) बमोजिम मतदानको लागि मिति तोकिएको सूचना प्रकाशन गर्दा निर्वाचन अधिकृतले अनुसूची-१२ बमोजिमको मुचुल्का गराउनु पर्नेछ।

२३. **मतगणना समाप्त भएको मुचुल्का गर्ने** : दफा १७, १८ र २२ बमोजिम मतगणनाको काम समाप्त भएपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको अनुसूची-१३ बमोजिमको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ।

२४. **दोहोऱ्याई मतगणना गर्न निवेदन दिन सक्ने** : (१) कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गणना गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित अनुसूची-१४ बमोजिम निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः मतगणनाको लागि निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले सो निवेदन दर्ता गर्नु पर्नेछ।

२५. **दोहोऱ्याई मतगणना गर्ने** : दफा २४ बमोजिम प्राप्त निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नु पर्ने अवस्था परेमा निर्वाचन अधिकृतले दोहोऱ्याई मतगणना गर्न अनुसूची-१५ बमोजिमको मुचुल्का गरी सो मुचुल्कामा आफूले सहीछाप गरी पुनः मतगणनाको लागि निवेदन दिने उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको र सो मतगणना गर्ने स्थानमा उपस्थित अन्य उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ। मुचुल्कामा सहीछाप गर्नुपर्ने व्यक्तिले सहीछाप नगरेमा मुचुल्कामा

सोही व्यहोरा जनाई मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

२६. **दोहोऱ्याई मतगणना नगर्ने भएमा सूचना दिने** : दफा २४ बमोजिम प्राप्त निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नु पर्ने अवस्था नदेखिएमा वा दोहोऱ्याई मतगणना गर्न निर्वाचन अधिकृत सहमत नभएमा निजले सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित निवेदन दिने उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा गर्नुभन्दा पहिले अनुसूची-१६ बमोजिमको सूचना दिनु पर्नेछ ।

## परिच्छेद-६
## विविध

२७. **प्रमाणपत्र दिने** : निर्वाचन अधिकृतले दफा २१, दफा २२ को उपदफा (२) वा (४) बमोजिम निर्वाचन परिणामको घोषणा गरेको जानकारी प्राप्त भए पछि आयोगले नियमावलीको नियम ४१ बमोजिमको दुई प्रति प्रमाणपत्र तयार गरी एक प्रति निर्वाचित उम्मेदवारलाई दिई अर्को प्रति सुरक्षितसाथ आयोगमा राख्नु पर्नेछ ।

२८. **मतगणना गर्ने स्थानबाट बाहिर पठाउने** : (१) निर्वाचन अधिकृतले मतगणनाको काममा बाधा पुऱ्याउने जुनसुकै व्यक्तिलाई सो स्थानबाट तत्काल बाहिर जान आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश पाएको व्यक्ति तुरुन्त मतगणना स्थलबाट बाहिर जानु पर्नेछ । त्यस्तो आदेश पालना नगरी अटेर गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेश बमोजिम सुरक्षाकर्मीले त्यस्तो स्थानबाट बाहिर पठाउनेछ र त्यस्तो व्यक्तिलाई निर्वाचन अधिकृतले कसूरको मात्रा हेरी कानून बमोजिम कारबाही समेत गर्न सक्नेछ ।

२९. **मतगणना समाप्त हुनुभन्दा पहिले मतगणनाको काम स्थगित गर्न सकिने** : (१) मतगणनाको काम समाप्त हुनुभन्दा पहिले सो मतगणनाको कार्य लगातार जारी राख्न नसक्ने काबु बाहिरको परिस्थिति सिर्जना भएमा निर्वाचन अधिकृतले सो मतगणना कार्य स्थगित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना समाप्त हुनुभन्दा पहिले मतगणना गर्ने काम स्थगित गर्नु परेमा निर्वाचन अधिकृतले गणना गरी सकेका मतपत्र, गणना गर्न बाँकी रहेका मतपत्र र मतपेटिकाको लगत समेत अलग-अलग खाम, थैलो वा बोरामा बन्द गरी आफूले सहीछाप गरी लाहाछाप लगाउनु पर्नेछ र सो बन्द खाम, थैलो वा बोरामा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले समेत आफ्नो लाहाछाप लगाउन सक्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना कार्य स्थगित गर्नु पर्ने कारण समेत उल्लेख गरी अनुसूची-१७ बमोजिमको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना स्थगित भएको अवस्थामा यथाशिघ्र मतगणनाको कार्य पुनः प्रारम्भ गर्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

(५) यस दफा बमोजिम मतगणना स्थगित गरेको अवस्थामा उपदफा (४) बमोजिम पुनः मतगणना प्रारम्भ गर्ने सम्बन्धमा निर्वाचन अधिकृतले अनुसूची-१८ बमोजिमको सूचना मतगणना गर्ने स्थानमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ । यसरी मतगणना स्थगित गरेको र पुनः मतगणना प्रारम्भ हुने सूचना मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई तुरुन्त दिनु पर्नेछ ।

तर कुनै उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि उपस्थित हुन नआएको कारणले मतगणना गर्ने काममा बाधा पुगेको मानिने छैन ।

(६) निर्वाचन अधिकृतले उपदफा (५) बमोजिम पुनः मतगणना प्रारम्भ गर्दा अनुसूची-१९ बमोजिमको मुचुल्का गर्नु पर्नेछ ।

३०. **मतगणना पूरा हुनुअघि मतपत्र नोक्सान भएमा** : (१) मतगणना पूरा हुनु पहिले कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र वा मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा, खोलिएमा, नोक्सान गरिएमा, तोडफोड गरिएमा, हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले मतगणनाको काम स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले त्यस्तो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नु पर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिमको प्रतिवेदन वा उपदफा (२) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतपत्र वा मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी रुपमा अन्यत्र लगिएको, खोलिएको, नोक्सान गरिएको, तोडफोड गरिएको, हराएको वा दुर्घटनावश नोक्सान भएको र सोको कारण मतगणना सुचारु गर्न नसकिने ठहऱ्याएमा त्यस्तो कार्यबाट असर परेका मतदान केन्द्रको सम्पूर्ण मतपत्रहरु अवैध घोषित गरी मतदान रद्द गर्नेछ ।

(४) आयोगबाट उपदफा (३) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने स्थान, मिति र समय तोकी सोको सूचना मतदान केन्द्रमा तुरुन्त प्रकाशन गर्नु पर्नेछ ।

३१. **मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएमा** : (१) कसैले मतगणना गर्ने स्थानको अनधिकृत कब्जा गरेमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायको अवस्थामा मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डरत्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो कब्जामा लिई मतगणनाको कार्यमा प्रभाव पारेमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतगणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतगणना सम्बन्धी अन्य सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा, वा

(ग) मतगणनाको कार्यमा संलग्न रहेको कुनै व्यक्तिले खण्ड (क) वा (ख) बमोजिमको कार्य गरेमा वा त्यस्तो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि आयोगले त्यस्तो घटनाको सम्बन्धमा जाँचबुझ गर्नु पर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(४) आयोगले उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा वा उपदफा (३) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतगणनास्थल उपदफा (२) बमोजिम अनधिकृत तवरले कब्जा भएको भन्ने ठहऱ्याएमा त्यसरी कब्जाबाट असर परेको मतदान केन्द्रको सम्पूर्ण मतपत्र अवैध घोषित गरी मतदान रद्द गर्नेछ ।

(५) आयोगबाट उपदफा (४) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने स्थान, मिति र समय तोकी सोको सूचना तुरुन्त मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

३२. **मतगणना कार्य नरोकिने** : कुनै उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित हुनु पर्नेमा निज उपस्थित नभएमा वा निजले गर्नुपर्ने काम नगरेमा सोही कारणले मात्र मतगणनाको काम रोकिने छैन र यस्तो मतगणना कार्य कानून बमोजिम भएको मानिनेछ ।

३३. **निर्वाचन सम्बन्धी कागजात हेर्न सक्ने** : (१) निर्वाचन अधिकृतले आवश्यकता अनुसार निर्वाचनमा प्रयोग भएका कागजात मतगणनाको प्रयोजनको लागि हेर्न सक्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगणनाको कार्य समाप्त भएपछि उपदफा (१) बमोजिम खोली हेरिएका कागजातहरू पुनः सिलबन्दी गर्नु पर्नेछ ।

३४. **निर्वाचन सम्बन्धी कागजात गोप्य राख्ने** : (१) निर्वाचन अधिकृतले मतगणनाको प्रयोजनको लागि खोलिएका र मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरिएका कागजातहरू, मतपत्रको अधकट्टी, मतदानमा प्रयोग गरिएका मतदाता नामावली, सदर र बदर मतपत्रको सिलबन्दी खाम कसैले खोल्न र हेर्न नपाउने गरी गोप्य रूपमा राख्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले निर्वाचन परिणाम घोषणा भएपछि उपदफा (१) बमोजिमको आयोगले तोकेको आयोगको अधिकृत कर्मचारीलाई बुझाई सोको भरपाई लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कागजात बुझी लिने अधिकृतले कर्मचारीले त्यस्तो कागजात जिम्मा लिई सुरक्षित साथ राख्नु पर्नेछ ।

**३५. निर्वाचन सामग्री र अन्य कागजात विवरण बुझाउनु पर्ने** : निर्वाचन अधिकृतले निर्वाचन कार्य समाप्त भएपछि निर्वाचनको प्रयोजनको लागि आयोग वा निर्वाचन कार्यालयबाट बुझी लिएका निर्वाचन सामग्री र निर्वाचन सम्बन्धी सम्पूर्ण कागजात सम्बन्धित निर्वाचन कार्यालयमा र अन्य निकायबाट बुझी लिएका सामग्री सम्बन्धित निकायमा बुझाई सोको भरपाई लिनु पर्नेछ ।

**३६. गोप्यता भङ्ग गर्न नहुने** : कानून बमोजिम अधिकार पाएकोमा बाहेक मतगणना सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी, उम्मेदवार वा निर्वाचन प्रतिनिधि, मतगणना प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले सङ्केत गरेको मत वा तत्सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकट गर्न वा प्रकाशन गर्न हुँदैन ।

**३७. मद्दत लिन सकिने** : (१) निर्वाचन अधिकृतले निर्वाचनको कामको सिलसिलामा जुनसुकै सरकारी निकाय वा सुरक्षा निकायको मद्दत लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मद्दत मागिएमा आवश्यक मद्दत पुऱ्याउनु सम्बन्धित सरकारी निकाय वा सुरक्षा निकायको कर्तव्य हुनेछ ।

**३८. अनुसूची हेरफेर गर्न सक्ने** : आयोगले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-१
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
.....................

**<u>मतगणना प्रारम्भ हुने सूचना</u>**

राष्ट्रपति/उपराष्ट्रपति पदको निर्वाचनको मतगणना देहायको मिति, समय, स्थानमा शुरु हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

मतगणना गर्दा उम्मेदवारले मतगणना प्रतिनिधि राख्न चाहेमा मतगणना गर्ने स्थानमा आफ्नो प्रतिनिधि अनिवार्य रुपमा पठाउनु हुन समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ। मतगणना शुरु हुने समयभन्दा एक घण्टा पहिले नै उम्मेदवारको मतगणना प्रतिनिधि मतगणना गर्ने स्थानमा निर्वाचन अधिकृत समक्ष उपस्थित भई सक्नु पर्नेछ। मतगणना शुरु हुने समयभित्र उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित नभएमा पनि मतगणना प्रारम्भ गरिने कुरा समेत यसै सूचनाद्वारा सबै उम्मेदवारलाई जानकारी गराइन्छ।

<u>मतगणना शुरु हुने</u>,-

मिति :

समयः

स्थानः

.....................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-२
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

## मतगणना प्रतिनिधि नियुक्त गरेको जानकारी

श्री ........................,
............................ ।

राष्ट्रपति/उपराष्ट्रपति पदको निर्वाचनको मतगणनामा उम्मेदवारको तर्फबाट गर्नुपर्ने काम गर्नको लागि तपाई श्री ...............................लाई राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा २८ बमोजिम मतगणना प्रतिनिधि नियुक्त गरेको छु । तपाईले उम्मेदवारको तर्फबाट सो ऐन तथा राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को अधीनमा रही मतगणना प्रतिनिधिको रुपमा गरेको काम कारबाहीमा मेरो मञ्जुरी छ ।

मिति :

सहीछाप :
नाम, थर :
ठेगाना :
उम्मेदवार/निर्वाचन प्रतिनिधि

उपर्युक्त बमोजिम मतगणना प्रतिनिधि हुन मञ्जुर गर्दछु ।

मिति :

सहीछाप :
नाम, थर :
ठेगाना :
पद :
मतदाता क्र.सं. :

**बोधार्थ :**
श्री निर्वाचन अधिकृत,
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन,
...................... ।

उल्लिखित व्यहोराको नियुक्ति पत्रको बोधार्थ म समक्ष पेश भएको हो ।
मिति :

......................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-३
(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
...................
**मतगणना प्रतिनिधि**
**परिचयपत्र**

| मतगणना प्रतिनिधिको मुखाकृति देखिने पासपोर्ट साइजको फोटो |
|---|

**पूरा नाम, थर :**
**ठेगाना :**
**पद :**
**मतदाता क्रमसङ्ख्या :**
**प्रतिनिधि नियुक्त गर्ने उम्मेदवार :**
**उम्मेदवारी दिएको पद :**

.................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपा

अनुसूची-४

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**

निर्वाचन अधिकृतको कार्यालय

राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन

...................

**<u>मतगणना स्थलमा प्रवेश गर्ने अनुमति पत्र</u>**

राष्ट्रपति/उपराष्ट्रपति पदको लागि भएको निर्वाचनको मिति ............... मा हुने मतगणना प्रयोजनको लागि.......................मतगणना स्थलमा प्रवेश गर्न निम्न विवरण भएको व्यक्तिलाई यो अनुमति पत्र दिइएको छ । यो अनुमति पत्रको अवधि मतगणना कार्य समाप्त नभएसम्म वा निर्वाचन अधिकृतले रद्द नगरेसम्म कायम रहनेछ ।

१. पूरा नाम, थर :

२. उमेर :

३. ठेगाना :

.......................

मिति : निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-५
(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन .
...................

## मतगणना प्रारम्भ गरेको मुचुल्का

राष्ट्रपति/उपराष्ट्रपति पदको निर्वाचनको मतगणना आज मिति........................ को दिन.......... बजे हामी तपसिलका उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि/व्यक्तिहरुको रोहवरमा प्रारम्भ भएको ठीक साँचो हो भनी यो मुचुल्का गरिदियौं ।

### तपसिल

१. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
२. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
३. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
४. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
५. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................

### अन्य उपस्थित व्यक्तिहरु

१. श्री ...................................................
२. श्री...................................................

मुचुल्का गर्ने कर्मचारीको,-

मिति: सहीछाप :

समय: नाम, थर :

स्थान: दर्जा :

......................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-६
(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
...................

**मतपेटिका जाँच गरेको मुचुल्का**

राष्ट्रपति/उपराष्ट्रपति पदको निर्वाचनको मतपेटिका आज मिति.............................. को दिन...... बजे मतगणना कार्यको लागि जाँच गर्दा............................. मतदान केन्द्रमा मतदान गरिएको मतपत्र राखिएको........... वटा मतपेटिका तथा सो मतपेटिकामा लगाइएको सुरक्षणसिल समेत ठीक दुरुस्त देखिएको छ/निम्न बमोजिम कैफियत देखिएको छ ।

१. ............. मतदान केन्द्रमा खसेको मत सङ्ख्याः

२. ............ मतदान केन्द्रमा मतदान गर्ने मतदाताको विवरण : सङ्घीय संसदका सदस्य/प्रदेश सभाका सदस्य

**मतपेटिकामा देखिएको कैफियतको विवरण**

१. ..........................................................
२. ..........................................................
३. ..........................................................

**तपसिल**

१. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
२. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
३. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
४. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
५. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
६. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................

**अन्य उपस्थित व्यक्तिहरु**

१. श्री ...................................................
२. श्री..................................................

मुचुल्का गर्ने कर्मचारीको,-

मितिः                                   सहीछाप :
समयः                                   नाम, थर :
स्थानः                                   दर्जा :

.......................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-७

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

**निर्वाचन आयोग**

निर्वाचन अधिकृतको कार्यालय

राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन .

...................

**राष्ट्रपति/उपराष्ट्रपति पदको लागि भएको निर्वाचनको मतगणना फाराम**

(१) मतदान केन्द्रको नाम :

(२) मतदाताको विवरण : सङ्घीय संसदका सदस्य/प्रदेश सभाका सदस्य (३) जम्मा मतदाता सङ्ख्या :-

(४) जम्मा खसेको मतपत्र सङ्ख्या :- (५) जम्मा बदर मतपत्र सङ्ख्या :-

(६) जम्मा सदर मतपत्र सङ्ख्या :- (७) मतभार :-

| क.सं | उम्मेदवारको नाम | मतपत्र सङ्ख्या | मतभार | मत | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| जम्मा सदर मत | | | | | |
| जम्मा बदर मतपत्र संख्या | | | | | |
| जम्मा खसेको मतपत्र संख्या | | | | | |

मतगणना गर्ने कर्मचारीको

१. ........................................ (नाम) ............................... (दस्तखत)

२. ........................................ (नाम) ............................... (दस्तखत)

३. ........................................ (नाम) ............................... (दस्तखत)

**प्रतिनिधि**

१. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................

२. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................

३. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................

४. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................

**अन्य उपस्थित व्यक्तिहरु**

१. श्री ...................................................

२. श्री...................................................

...........................

निर्वाचन अधिकृत

**द्रष्टव्यः** यो गणना फाराममा प्रत्येक उम्मेदवारले प्राप्त गरेको सदर मतपत्र गणना गरी सङ्घीय संसदका सदस्यले मतदान गरेको मतपत्रको हकमा सोको मतभार ७९ ले र प्रदेश सभाका सदस्यले मतदान गरेको मतपत्रको हकमा सोको मतभार ४८ ले गुणन गरी सम्बन्धित मतदान केन्द्रमा खसेको मत मध्ये प्रत्येक उम्मेदवारले प्राप्त गरेको मतको जम्मा जोड निकाल्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-८

(दफा १८ को उपदफा (३) सँग सम्बन्धित)

**निर्वाचन आयोग**

निर्वाचन अधिकृतको कार्यालय

राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन .

..................

**<u>राष्ट्रपति/उपराष्ट्रपति पदको लागि भएको निर्वाचनको मतगणना तालिका</u>**

(१) जम्मा मतदाता सङ्ख्या :- (२) जम्मा खसेको मतपत्र सङ्ख्या :-

(३) जम्मा बदर मतपत्र सङ्ख्या :- (४) जम्मा सदर मतपत्र सङ्ख्या :-

| क्र. सं | उम्मेदवारको नाम | सङ्घीय संसदका सदस्यले दिएको मत | | | प्रदेश सभाका सदस्यले दिएको मत | | | कुल मत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मतपत्र संख्या | मतभार | मत | मतपत्र संख्या | मतभार | मत | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| जम्मा सदर मत | | | | | | | | | |
| जम्मा बदर मतपत्र संख्या | | | | | | | | | |
| जम्मा खसेको मतपत्र संख्या | | | | | | | | | |

मितिः

<u>मतगणना तालिका तयार गर्ने कर्मचारीको</u>,-

सहीछाप :

नाम, थर :

दर्जा :

......................

निर्वाचन अधिकृत

**<u>द्रष्टव्यः</u>** यो मतगणना तालीकामा सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्यले मतदान गरेको मतदान केन्द्रको मतगणना गरी तयार गरिएको अनुसुची-७ बमोजिमको फाराममा उल्लिखित मतको विवरण एकीकृत गरी जम्मा मत सङ्ख्याको जोड निकाल्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-९
(दफा २० को उपदफा (२) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
...................

**मत बराबर भएकोमा गोला हाली निर्णय गरेको मुचुल्का**

राष्ट्रपति/उपराष्ट्रपति पदको निर्वाचनको मतगणना गर्दा निम्नलिखित उम्मेदवारहरुले बराबर मत प्राप्त गरेकोले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५७ बमोजिम गोला हाली निर्णय गर्दा सो गोलाद्वारा भएको निर्णय बमोजिम श्री ......................................... ले एक मत बढी प्राप्त गर्नु भएकोले यो मुचुल्का गरी दिएका छौं ।

**(क) बराबर मत पाउने उम्मेदवारहरु**
(१) श्री..............................को जम्मा मतः ....
(२) श्री..............................को जम्मा मतः ....

**(ख) गोला हाली निर्णय गर्दा एक मत बढी पाउने उम्मेदवार**
श्री ..............................को कायम भएको जम्मा मतः ...

**तपसिल**

१. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ................................................
२. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ................................................
३. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ................................................
४. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ................................................

**अन्य उपस्थित व्यक्तिहरु**

१. श्री ...................................................
२. श्री...................................................

मुचुल्का गर्ने कर्मचारीको,-

मिति : सहीछाप :

समय : नाम, थर :

स्थान : दर्जा :

..........................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-१०
(दफा २१, दफा २२ को उपदफा (२) र (४) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
...................

## निर्वाचन परिणाम तालिका

राष्ट्रपति/उपराष्ट्रपति पदको निर्वाचनको मतगणना कार्य मिति .................. को दिन ........ बजे समाप्त भएको र सो मतगणना अनुसार जम्मा खसेको सदर मतमध्ये देहायका उम्मेदवारले प्राप्त गरेको मत देहाय बमोजिम रहेको छ :-

| क्र. सं | उम्मेदवारको नाम | सङ्घीय संसदका सदस्यले दिएको मत | | | प्रदेश सभाका सदस्यले दिएको मत | | | कुल मत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मतपत्र संख्या | मतभार | मत | मतपत्र संख्या | मतभार | मत | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| जम्मा सदर मत | | | | | | | | | |
| जम्मा बदर मतपत्र संख्या | | | | | | | | | |
| जम्मा खसेको मतपत्र संख्या | | | | | | | | | |

उपर्युक्त मत परिणाम तालिका अनुसार .............. समुदायका श्री .................................... ( महिला/पुरुष/अन्य) ले ............ मत प्राप्त गरी राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५५ को उपदफा (२) बमोजिम निर्वाचक मण्डलको तत्काल कायम रहेको मत ....... को बहुमत प्राप्त गर्नु भएकोले/दफा ५६ को उपदफा (२) बमोजिम कुल मत ............. को बहुमत प्राप्त गर्नु भएकोले/दफा ५६ को उपदफा (४) बमोजिम कुल सदर मतको बहुमत प्राप्त गर्नु भएकोले राष्ट्रपति/उपराष्ट्रपति पदमा निर्वाचित भएको घोषणा गर्दछु ।

मिति :
समय :
स्थान :

..........................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-११
(दफा २२ को उपदफा (१) र (३) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
..................

**पुनः मतदानको लागि मिति तोकिएको सूचना**

राष्ट्रपति/उपराष्ट्रपति पदको लागि मिति ................ मा भएको निर्वाचनको मतगणना गर्दा कुनै पनि उम्मेदवारले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५५ को उपदफा (२)/दफा ५६ को उपदफा (२) बमोजिमको मत प्राप्त नगर्नु भएकोले सबै भन्दा बढी मत प्राप्त गर्ने देहाय बमोजिमका दुई जना उम्मेदवारहरुबीच निर्वाचन गर्न देहाय बमोजिमको मिति र समयमा सम्बन्धित मतदान केन्द्रमा मतदान हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ :-

**सबैभन्दा बढी मत पाउने दुई जना उम्मेदवारहरुको नाम र प्राप्त गरेको मत :**
(१) श्री ....................................................., प्राप्त गरेको मत : ...........
(२) श्री ....................................................., प्राप्त गरेको मत : ...........

**मतदान हुने मिति, समय र मतदान केन्द्र :**
मतदान हुने मिति : ...................
मतदान हुने समय : ...................
मतदान केन्द्र : ..........................

....................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-१२
(दफा २२ को उपदफा (६) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
........................

**पुनः मतदानको मिति तोकिएको सूचना प्रकाशन गरेको मुचुल्का**

राष्ट्रपति/उपराष्ट्रपति पदको लागि मिति ............................ मा पुनः मतदान हुने गरी मिति तोकिएको सूचना आज मिति .......................... का दिन .......... बजे हामी तपसिल बमोजिमका व्यक्तिहरुको रोहबरमा निर्वाचन अधिकृतको कार्यालयमा सर्वसाधारणले देख्ने गरी प्रकाशन गरेको ठीक साँचो हो भनी यो मुचुल्का गरी सहीछाप गरिदियौं ।

**तपसिल**

१. ............जिल्ला, ..... ............ गाउँपालिका/नगरपालिका ..... गाउँ/टोल ....... बस्ने वर्ष ...... को श्री ........... ......... ...........(सहीछाप)..............
२. ..... .... जिल्ला, ............. .....गाउँपालिका/नगरपालिका वडा नं. ....गाउँ/टोल .................बस्ने वर्ष ...... को श्री ................ ......... (सहीछाप)..................
३. ..... .....जिल्ला, ............. .......गाउँपालिका/नगरपालिका वडा नं. ....गाउँ/टोल ..................बस्ने वर्ष ...... को श्री ................ ........ (सहीछाप)...............

मुचुल्का तयार गर्ने कर्मचारीको,-
सहीछाप :
नाम, थर :
दर्जा :
मिति :

निर्वाचन आयोग, नेपाल

अनुसूची-१३
(दफा २३ सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
...................

**मतगणना समाप्त भएको मुचुल्का**

राष्ट्रपति/उपराष्ट्रपति पदको लागि मिति .................. मा भएको निर्वाचनको मतगणना कार्य मिति .................. को दिन ........ बजे समाप्त भई उम्मेदवार श्री .............................. निर्वाचित भएको भएको/कुनै पनि उम्मेदवारले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५५ को उपदफा (२)/दफा ५६ को उपदफा (२) बमोजिमको मत प्राप्त नगर्नु भएको ठीक साँचो हो ।

**तपसिल**

१. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री..................................................
२. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री..................................................
३. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री..................................................
४. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री..................................................

**अन्य उपस्थित व्यक्तिहरु**

१. श्री ...................................................
२. श्री...................................................

तयार गर्ने कर्मचारीको,-
सहीछाप :
नाम, थर :
दर्जा :

मिति :
समय : ..........................
स्थान : निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-१४

(दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

## **<u>दोहोऱ्याई मतगणनाको लागि निवेदन</u>**

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन,
……………… ।

राष्ट्रपति/उपराष्ट्रपति पदको लागि मिति ………………. मा भएको निर्वाचनको मतगणना निम्न बमोजिमको कारणले गर्दा दोहोऱ्याई गराई पाउन यो निवेदन पेश गरेको छु।

## **<u>दोहोऱ्याई मतगणना गराउनु पर्ने कारण</u>**

१. ………………………………………….

२. ………………………………………….

<u>निवेदकको</u>,-

सहीछापः

नाम, थरः

मितिः

समयः उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि

स्थानः

यो निवेदन मेरो कार्यालयमा मिति ………………….. मा …….. बजे म समक्ष पेश भएको हो।

मितिः

समयः ………………………

स्थानः निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-१५
(दफा २५ सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
..................

**दोहोऱ्याई मतगणना गराउनु पर्दाको मुचुल्का**

राष्ट्रपति/उपराष्ट्रपति पदको लागि मिति ................ मा भएको निर्वाचनको मतगणना दोहोऱ्याई गराई पाउन श्री ............................... ले दिएको निवेदनमा निम्नलिखित कारणले पुनः मतगणना गर्नु पर्ने भएकोले हामी तपसिलका मानिसहरुको रोहवरमा पुनः मतगणना प्रारम्भ गरिएको ठीक साँचो हो ।

**दोहोऱ्याई मतगणना गर्नुपर्ने कारण**

१. .........................
२. .........................
३. .........................

**तपसिल**

१. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री .........................
२. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री .........................
३. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री .........................
४. उम्मेदवार/निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री .........................

**अन्य उपस्थित व्यक्तिहरु**

१. श्री ....................................................
२. श्री...................................................

मुचुल्का गर्ने कर्मचारीको,-
सहीछाप:
नाम, थर:
दर्जा:

मिति:
समय:

.....................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-१६
(दफा २६ सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
..................

**<u>दोहोऱ्याएर मतगणना नगर्ने निर्णयको सूचना</u>**

श्री ..........................

..............................

राष्ट्रपति/उपराष्ट्रपति पदको लागि मिति ................ मा भएको निर्वाचनको मतगणना दोहोऱ्याई गरी पाउँ भनी तपाईले निवेदन दिनु भएकोमा निम्न कारणले दोहोऱ्याई मतगणना गर्नु नपर्ने निर्णय गरिएकोले सूचना गरेको छु।

**<u>दोहोऱ्याएर मतगणना गर्नु नपर्ने कारण</u>**

.......................................................................................................................................................
.........................................................................................................................................

मिति :

समय :

..........................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-१७
(दफा २९ को उपदफा (३) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
...................

**.मतगणना कार्य स्थगित गरिएको मुचुल्का**

राष्ट्रपति/उपराष्ट्रपति पदको मतगणना गर्ने कार्य भइरहेकोमा देहायको कारणले गर्दा मतगणना कार्य जारी राख्न नसकिने अवस्था परेकोले सो मतगणना कार्य स्थगित गर्न आवश्यक भएको हुँदा आज मिति ........................ को दिन ............................ बजे मतगणना कार्य स्थगित गरी मतगणनाको लागि खोलिएको मतपेटिकामा रहेका मतपत्रहरुमध्ये गणना गरिएका मतपत्रहरु, सदर मतपत्रहरु, बदर मतपत्रहरु तथा गणना गर्न बाँकी मतपत्रहरु र मतगणना सम्बन्धी अभिलेखहरु, मतगणना गर्न बाँकी मतपेटिकाहरुको लगत र निर्वाचन सम्बन्धी अन्य कागजातहरु समेत हामी तपसिलका मानिसहरुको रोहवरमा छुट्टाछुट्टै खाम, थैलो वा बोरामा राखी बन्द गरी लाहाछाप लगाएको ठीक साँचो हो ।

**मतगणना स्थगित गर्नु परेको कारण**

..............................................................................................................................................
...........................................................................................................।

**लाहाछाप लगाई बन्द गरिएको कागजातहरु**

१. ..........................
२. ..........................
३. ..........................

**तपसिल**

१. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
२. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
३. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
४. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................
५. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री.........................

**अन्य उपस्थित व्यक्तिहरु**

१. श्री ....................................................
२. श्री....................................................

मुचुल्का गर्ने कर्मचारीको,-

मितिः
समयः

सहीछापः
नाम, थरः
दर्जाः

...................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-१८
(दफा २९ को उपदफा (५) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन
...................

**<u>पुनः मतगणना कार्य प्रारम्भ हुने सूचना</u>**

राष्ट्रपति/उपराष्ट्रपति पदको लागि भएको निर्वाचनको मतगणना गर्दागर्दै मिति ........................ मा स्थगित भएको मतगणना कार्य मिति................ दिन........ बजेदेखि .......................... स्थानमा पुनः प्रारम्भ हुने भएकोले जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति: ..........................

समय: निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-१९
(दफा २९ को उपदफा (६) सँग सम्बन्धित)

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
राष्ट्रपति/उपराष्ट्रपति निर्वाचन

...................

**पुनः मतगणना प्रारम्भ गरेको मुचुल्का**

राष्ट्रपति/उपराष्ट्रपति पदको लागि भएको निर्वाचनको मतगणना स्थगित भएकोमा आज मिति........................ को दिन.......... बजे हामी तपसिलका उम्मेदवार/प्रतिनिधि/मानिसहरुको रोहवरमा पुनः मतगणना कार्य प्रारम्भ भएको ठीक साँचो हो भनी यो मुचुल्का गरिदियौं ।

**तपसिल**

१. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ...............................
२. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ...............................
३. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ...............................
४. उम्मेदवार/ निर्वाचन प्रतिनिधि/मतगणना प्रतिनिधि श्री ...............................

**अन्य उपस्थित व्यक्तिहरु**

१. श्री ...................................................
२. श्री...................................................

मुचुल्का गर्ने कर्मचारीको,-

मिति: सहीछाप:
समय: नाम, थर:
स्थान: दर्जा:

....................
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल